श्री ५ को सरकार

## जल तथा विद्युत मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले लुङ खाने पानी योजनाको निर्माण कार्यका लागि राप्ती अञ्चल, प्यूठान जिल्ला, लुङ गाउँ पञ्चायत वडा नं. १ मा पर्ने निम्न लेखिएको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरु नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

(१) पूर्व, पश्चिम र उत्तर श्री खिमबहादुरको जग्गा, दक्षिण श्री टंकबहादुरको जग्गा, यति चारकिल्लाभित्रको सालको पोत रू. –।६ (छ) पैसा तिरो लागेको मध्ये–।४ (चार पैसा) तिरो पोत लागेको रोपनी ०–८–० (आठ आना) को कित्ता– – –१

(२) पूर्व श्री दुर्गाबहादुरको जग्गा, पश्चिम श्री टोपबहादुरको जग्गा, उत्तर श्री खिम–बहादुरको जग्गा, दक्षिण श्री टोपबहादुरको जग्गा, यति चारकिल्लाभित्रको सालको रू. –।४।२ (चार पैसा दुई दाम) पोत लागेको जग्गा रोपनी ०–८–२ (आठ आना दुई पैसा) को कित्ता– – – – – –१

आज्ञाले–

अच्यूतबहादुर राजभण्डारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।